# वार्षिक प्रगति प्रतिवेदन - २०७६/०७७

## प्रतिवेदन प्रकाशित मिति : २०७७/०९/१६

**सिद्धज्योति शिक्षा क्याम्पस**

**कमलामाई नगरपालिका - ५, फोम्रेटार सिन्धुली**

**स्थापना : २०६३**

**आ.व. २०७५/०७६**

## प्रतिवेदन तयार गर्ने समुह

१) अर्जुन कुमार दाहाल - क्याम्पस प्रमुख

२) यम प्रसाद पाण्डेय - साहयक क्याम्पस प्रमुख

३) प्रखर सिन्धुलीय - EMIS, Focal Person

व्यवस्थापन समितिद्वारा सर्मथन गरेको मिति : २०७७/०९/१६

## सारांश (Executive Summary)


स्थानीय अभिभावक, बुद्धिजीवी, समाजसेवीहरुको सचेत प्रयासवाट वि.स. २०६३ सालमा स्थापना भएको यस क्याम्पसमा स्नातक (बी.एड.) तहमा मुख्या विषयको रुपमा अंग्रेजी, नेपाली, गणित, जनसंख्या र स्वास्थ्य विषयहरु अध्यापन हुँदै आएको छ भने मिति २०६७ साल देखि स्नातकोत्तर (एम.एड.) को स्वीकृति लिइ अंग्रेजी र नेपाली विषयमा अध्यापन हुँदै आएको छ । हाल यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा २६० विद्यार्थीहरु मध्ये १७८ जना छात्रा, १२१ जनजाति र ३७ जना दलित र ३ जना मधिसे विद्यार्थीहरुले अध्ययन गरेको पाइन्छ ।

विगत वर्षको विद्यार्थी भर्नादर को अध्ययन गर्दा शैक्षिक सत्र २०७४/०७५ मा यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा १९६ विद्यार्थीहरु मध्ये ११७ जना छात्रा, ८४ जनजाति र २३ जना दलित र १ जना विद्यार्थीहरुले अध्ययन गरेको पाइन्छ । त्यस्तै शैक्षिक सत्र २०७५/०७६ मा यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा २१९ विद्यार्थीहरु मध्ये ११० जना छात्रा, ८० जनजाति र ३५ जना दलित र ३ जना मधिसे विद्यार्थीहरुले अध्ययन गरेको पाइन्छ ।

तहगत रुपमा विगत तीन वर्षको विद्यार्थी उत्तिण दरलाई हेर्दा शैक्षिक सत्र २०७३/०७४ मा यस क्याम्पसबाट परीक्षामा सम्मिलित भएका स्नातक (प्रथम, द्वितीय, तृतीय) देखि स्नातकोत्तर (प्रथम, द्वितीय) तहसम्मका परीक्षार्थीहरु १७८ जना मध्ये जम्मा उत्तीर्ण संख्या ३६ जना रहेको पाइन्छ भने ११६ छात्रामा २५ जना, ९२ जनजातिमा १६ र १९ दलितमा ३ जनाले उत्तीर्ण गरेको पाइन्छ ।

शैक्षिक सत्र २०७४/०७५ मा यस क्याम्पसबाट परीक्षामा सम्मिलित भएका स्नातक (प्रथम, द्वितीय, तृतीय) देखि स्नातकोत्तर (प्रथम, द्वितीय) तहसम्मका परीक्षार्थीहरु १७१ जना मध्ये जम्मा उत्तीर्ण संख्या २४ जना रहेको पाइन्छ भने १०७ छात्रामा १६ जना, ७७ जनजातिमा ९ जना, २२ जना दलितमा २ र एक जना मधिसेमा १ जना उत्तीर्ण गरेको पाइन्छ ।

शैक्षिक सत्र २०७५/०७६ मा यस क्याम्पसबाट परीक्षामा सम्मिलित भएका स्नातक (प्रथम, द्वितीय, तृतीय) देखि स्नातकोत्तर (प्रथम, द्वितीय) तहसम्मका परीक्षार्थीहरु १९२ जना मध्ये जम्मा उत्तीर्ण संख्या ४१ जना रहेको पाइन्छ भने १२३ छात्रामा ३२ जना, ७१ जनजातिमा १९, र १९ दलितमा ४ जनाले उत्तीर्ण गरेको पाइन्छ ।

विगत तीन वर्षको ग्याजुएट विद्यार्थीहरुको विवरणलाई अध्ययन गर्दा शैक्षिक सत्र २०७४/०७५ मा यस क्याम्पसबाट ग्याजुयट गर्ने २४ जना विद्यार्थीहरु मध्ये ८ जना स्नातक र २ जना स्नातकोत्तर ग्याजुयट रहेको पाइन्छ । शैक्षिक सत्र २०७५/०७६ मा यस क्याम्पसबाट ग्याजुयट गर्ने ३१ जना विद्यार्थीहरु मध्ये २३ जना स्नातक र ८ जना स्नातकोत्तर ग्याजुयट रहेको पाइन्छ । त्यस्तै शैक्षिक सत्र २०७६/०७७ मा यस क्याम्पसबाट ग्याजुयट गर्ने २५ जना विद्यार्थीहरु मध्ये १८ जना स्नातक र ६ जना स्नातकोत्तर ग्याजुयट रहेको पाइन्छ । स्नातक ग्याजुयट गर्ने १८ जना विद्यार्थीहरुमध्ये १४ जना छात्रा, र ७ जना जनजाति विद्यार्थीहरु रहेको पाइन्छ भने स्नातकोत्तर ग्याजुयट गर्ने ६ जना विद्यार्थीहरुमध्ये ४ जना छात्रा र २ जना जनजाति रहेको पाइन्छ ।

यस क्याम्पसका शिक्षण सिकाइलाई सहज बनाउन विद्यार्थी केन्द्रित अन्तर्क्रियात्म, प्रश्नोत्तर प्रयोगात्मक, फिल्ड स्टडी आदि विधिहरुको प्रयोगमा जोड दिदै आइएको छ । यस क्याम्पसको प्रशासनिक कार्य संचालन गर्नका लागि चार तले १ भवन र शैक्षिक क्रियाकलाप तथा पठन पाठनका निम्ति चार तले सुविधा सम्पन्न १ भनवको रहेको छ । विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको लागी क्याम्पस हाता भित्रै सहुलित दरमा स्वथ्य तथा गुण स्तरीय खाना तथा खाजाको व्यवस्था गर्न क्यान्टिनको निर्माण गरि सञ्चालन गरिएको छ ।

सिद्धज्योति शिक्षा क्याम्पसमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन विभिन्न शैक्षिक सामग्री तथा विद्युतिय उपकरणहरुको प्रबन्ध गरिएको छ । साथै विद्यार्थीहरुलाई पाठ्यपुस्तकका अतिरिक्त विभिन्न सन्दर्भ सामग्रीहरुको पनि यथोचित व्यवस्था गरिएको छ ।

यस क्याम्पसको विगत तीन वर्षको आम्दानी अध्ययन गर्दा शुरुका दिनहरुमा शिक्षा शास्त्र संकायमा विद्यार्थीको बढ्दो चापका कारण विद्यार्थी शुल्कबाट आम्दानीमा वृद्धि भएको पाइन्छ भने, पछिल्ला वर्षहरुमा शिक्षा शस्त्र संकायमा विद्यार्थीहरुको न्यून उपस्थिति रहेकाले विद्यार्थी शुल्कबाट हुने आम्दानीमा गिराबट भए पनि दाताहरु तथा विश्वविद्यालय अनुदान आयोगको सहयोग निरन्तर प्राप्त गरि रहेको छ ।

क्याम्पसको विगत तीन वर्षको खर्चको अध्ययन गर्दा सवैभन्दा बढी खर्च तलब भत्तामा भएको त्यसपछि भवन निर्माण, परीक्षा संचालन, फर्निचर निर्माण तथा प्रशासनिक कार्य संचालनमा खर्च भएको देखिन्छ । शैक्षिक संस्था र समुदायबिचको अनन्य सम्बन्धलाई दृष्टिगत गरि यस क्याम्पसले विभिन्न किसिमका सामुदायिक क्रियाकलापहरुमा सक्रिय भूमिा निर्वाह गर्दै आएको छ भने समुदाय पनि यस क्याम्पसको हरेक गतिविधिमा सक्रिय रुपमा सहभागी हुँदै आएको छ ।

## विषय सूचि


१. परिचय

२. शैक्षिक प्रगति

२.१ तहगत रुपमा विगत ३ वर्षको विद्यार्थी भर्ना दर

२.१.१ शैक्षिक सत्र ०७४/०७५

२.१.२ शैक्षिक सत्र ०७५/०७६

२.१.३ शैक्षिक सत्र ०७६/०७७

२.२ तहगत रुपमा विगत ३ वर्षको विद्यार्थी उत्तीर्ण दर

२.२.१ शैक्षिक सत्र २०७३/०७४

२.२.२ शैक्षिक सत्र २०७४/०७५

२.२.३ शैक्षिक सत्र २०७५/०७६

२.३ विगत ३ वर्षमा ग्याजुयट विद्यार्थीहरुको विवरण

२.३.१ शैक्षिक सत्र २०७४/०७५

२.३.२ शैक्षिक सत्र २०७५/०७६

२.३.३ शैक्षिक सत्र २०७६/०७७

२.४ कार्यक्रमहरु

२.५ शैक्षणिक पद्धति/विधि

३. भौतिक प्रगति

३.१ पूर्वाधार विकास

३.२ शैक्षिक सामग्री

३.२.१ शैक्षिक उपकरण

३.२.२ पुस्तक/पत्रपत्रिका/सन्दर्भ सामग्री

३.२.३ फर्निचर

४. आर्थिक प्रगति

४.१) विगत तिन वर्षको आम्दानी विश्लेषण
क्याम्पसको आम्दानी २०७४/०७५
क्याम्पसको आम्दानी २०७५/०७६
क्याम्पसको आम्दानी २०७६/०७७
४.२ विगत तिन वर्षको खर्च विश्लेषण
क्याम्पसको खर्च २०७४/०७५
क्याम्पसको खर्च २०७५/०७६
क्याम्पसको खर्च २०७६/०७७
४.३ पूँजीगत खर्च
आ.व. २०७४/०७५
आ.व. २०७५/०७६
आ.व. २०७६/०७७
४.४ Audit Observations in the last fiscal year
५) सामाजिक प्रगति
५.१ सामाजिक क्रियाकलापमा क्याम्पसको सहभागिता
५.२ क्याम्पसको लागि समाजको योगदान
५.३ क्याम्पसले समाजलाई पुर्‍याउन सक्ने योगदानको योजना
५.४ क्याम्पसमा समाजको सहभागीता बडाउने योजना
६. समस्या, चुनौति
६.१ अल्पकालिन समस्या र चुनौति
६.२ दीर्घकालिन समस्या र चुनौति
६.३ समस्या समाधानका उपायहरु
६.४ समस्या र चुनौतिहरुलाई सम्बोधन गर्ने योजना
६.५ लेखा परिक्षण प्रतिबेदन २०७६/०७७

## ७ Annual Program and Budget

**७.१ Annual Program and Budget 2076/077**

**७.२ Estimated Annual Program and Budget 2077/078**

**७.३ Estimated Annual Program and Budget 2078/079**

**७.४ Estimated Annual Program and Budget 2079/080**

# १. परिचय (Background)

स्थानीय स्तरमै न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्य लिई वि.सं.२०६३ सालमा स्नातक तह तीन बर्षे वि.एड.को स्वीकृति त्रिभुवन विश्वविद्यालयबाट प्राप्त गरी यस सिद्धज्योति शिक्षा क्याम्पसको स्थापना भएको हो । मुख्य विषयहरुमा अंग्रेजी, नेपाली, जनसंख्या र स्वास्थ्य तथा शारिरिक शिक्षाको अध्ययन अध्यापन हुँदै आएकोमा २०६५/०६६ देखि गणित विषयमा समेत कक्षाहरु सञ्चालन गर्दै आएको छ । हाल दुईवटा भवन सहित सुविधायुक्त कक्षाकोठामा पठनपाठन सञ्चालन भइ रहेको छ । यस क्याम्पसमा वि.सं. २०६७ देखि स्नातकोत्तर तह एम.एड.मा अंग्रेजी र नेपाली शिक्षा विषयमा समेत कक्षाहरु सञ्चालन गरिदै आएको छ । शिक्षा प्रति तीब्र अभिरुचि र मौरीको जस्तो एकता र सद्भाव तथा मिहिनेत बोकेको यस क्षेत्रका कैयौ पौरखी, कर्मठ अभिभावकहरुको सत्प्रेरणाबाट यो संस्थाले आजको फुल्दो र फ्गागिँदो सुअवसर प्राप्त गरेको छ । देशको यो बदलिदो अवस्थामा हिमाल, पहाड र तराइका सबै नेपालीहरुमा राष्ट्रिय एकता मजबुत बनाउन र राष्ट्रको आवश्यकता अनुकूल दक्ष जनशक्ति उत्पादनमा यो संस्था ले अग्रणी भूमिका खेल्दै आएको छ । शैक्षिक संस्था र समुदायबिचको अनन्य सम्बन्धलाई दृष्टिगत गरी यस क्याम्पसले विभिन्न किसिमका सामुदायिक क्रियाकलापहरुमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ भने समुदाय पनि यस क्याम्पसको हरेक गतिविधिमा सक्रिय रुपमा सहभागी हुँदै आएको छ ।

यो क्याम्पस स्थापना काल देखि नै समयको माग अनुसारको गुणस्तरिय शिक्षा प्रदान गर्न सफल भएको छ । शिक्षण सिकाई क्रियाकलापलाई अनुसन्धान मुलक र व्यवहारिक बनाउन कक्षा कोठामा आधुनिक प्रविधिको प्रयोग गरेर शिक्षण गर्ने गरिएको छ । शिक्षक र विद्यार्थीहरुका अनुसन्धान मुलक कार्यमा सहयोग गरि शिक्षण सिकाई प्रक्रियासँग सम्बन्धित कुराहरुको व्यवस्थित अध्ययन र समस्याको खोजी गरी त्यसको निदान गर्न विश्वविद्यालय अनुदान आयोगको सहयोगमा अनुसन्धान व्यवस्थापन एकाइको गठन गरिएको छ । विश्वविद्यालय अनुदान आयोग तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरी अन्तरक्याम्पस स्तरीय तथा विभिन्न विषयमा लघुअनुसन्धान गरी शिक्षण सिकाईलाई अनुसन्धानमुखी बनाउने कार्य हुँदै आएको छ भने विद्यार्थीहरुलाई पनि नियमित पठन पाठनका अतिरिक्त विभिन्न परियोजना कार्य तथा शोधकार्यमा सहभागी गराउने गरिएको छ । यो क्याम्पस विश्वविद्यालय अनुदान आयोगद्धारा सञ्चालित QAA प्रक्रियामा सामेल भई QAA cycle समेत सम्पन्न

गरि निकट भविश्यमा QAA प्रमाण पत्र प्राप्त गर्ने अभियानमा अगाडि बढीरहेका छ भने उच्च शिक्षा सुधार परियोजनामा छनौट भइ ५ बर्षे रणनीतिक योजना  अनुरुप कार्य सञ्चालन भइरहेको छ ।

यस सिद्धज्योति शिक्षा क्याम्पसले स्थापना कालदेखि नै क्याम्पसमा अध्ययन गर्ने सम्पुर्ण दलित विद्यार्थीहरुलाई भर्नापछि मासिक शुल्क मिनाहा गरेर छात्रवृत्ति उपलब्ध गराउने काममा जिल्लामा नै प्रशंसनीय कार्य गर्दै आएको छ । त्यस्तै यस क्याम्पसले क्याम्पसको आन्तरिक स्रोत र विभिन्न दाताहरुबाट सहयोग संकलन गरी प्रत्येक वर्ष जेहन्दार र गरीब छात्रछत्राहरुलाई पनि छात्रवृत्ति प्रदान गरी शिक्षा लिनबाट बञ्चित हुन पुगेका विद्यार्थीहरुलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दै आएको छ । यसैगरी यस क्याम्पसले क्याम्पसमा अध्ययनरत सम्पूर्ण छात्रछात्राहरुलाई कोर्सका लागि आवश्यक पर्ने एक सेट पाठ्यपुस्तक हरेक शैक्षिक सत्रका लागि प्रदान गर्ने गरेको छ, जसबाट निम्न आय भएका विद्यार्थीहरु बढी लाभान्वित हुनको साथै शिक्षण सिकाई कार्य बढी प्रभावकारी भएको छ ।

हाल यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा २८५ विद्यार्थीहरु अध्ययन गरिरहेका छन् जस मध्ये १७५ जना छात्रा, ११९ जना जनजाति र ५७ जना दलित र ६ जना मधेसी विद्यार्थीहरुले अध्ययन गरेको छन् । शिक्षकतर्फ ७ जना पुर्णकालिन तथा ६ जना आंशिक गरि १३ प्राध्यापकहरु प्राध्यापन गरिरहेका छन् ।  साथै कर्मचारी तर्फ १ जना लेखापाल, १ जना लाइब्रेरियन र १ जना कार्यालय सहायक, १ जना कार्यालय सहयोगि, १ जना पाले र १ जना स्विपर गरि जम्मा ६ कार्यरत छन् ।

## २. शैक्षिक प्रगति (Academic Progress)

## २.१ तहगत रुपमा विगत ३ वर्षको विद्यार्थी भर्ना दर (Enrolment Trend Analysis of the Last Three years , Program Wise/Level Wise)

### २.१.१ शैक्षिक सत्र ०७४/०७५

| क्र.सं. | कक्षाहरु | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | जनजाति | दलित | मधेशी |
| १ | बि.एड. प्रथम वर्ष | ५१ | ३६ | २४ | ९ | - |
| २ | बि.एड. दोस्रो वर्ष | ७६ | ४१ | ३१ | ९ | |
| ३ | बि.एड. तेस्रो वर्ष | ३४ | २६ | १५ | ४ | १ |
| ४ | एम.एड प्रथम वर्ष | १८ | ८ | ७ | – | - |
| ५ | एम.एड दोस्रो वर्ष | १७ | ६ | ७ | १ | - |
| | **जम्मा** | **१९६** | **११७** | **८४** | **२३** | **१** |

शैक्षिक सत्र २०७४/०७५ मा यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा १९६ विद्यार्थीहरु मध्ये ११७ जना छात्रा, ८४ जनजाति र २३ जना दलित र १ जना विद्यार्थीहरुले अध्ययन गरेको पाइन्छ ।

विगतको तिन वर्षको विद्यार्थी भर्ना दरवाट के कुरा स्पष्ट हुन्छ भने यस संस्थाले कुल विद्यार्थी संख्या मध्ये झण्डै ६०% छात्रा र ४३% जनजाती र १६% शैक्षिक रुपले पिछडिएका दलित तथा मधिसे समुदायका विद्यार्थीहरुलाइ शिक्षा प्रदान गरेको छ भने हाल आएर छात्रा र शैक्षिक रुपमा पछिपरेका समुदायका विद्यार्थी भर्ना दरमा वृद्धि भइरहेको छ ।

### २.१.२. शैक्षिक सत्र ०७५/०७६

| क्र.सं. | कक्षाहरु | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | जनजाति | दलित | मधेशी |
| १ | बि.एड. प्रथम वर्ष | ५९ | ३९ | १९ | १३ | २ |
| २ | बि.एड. दोस्रो वर्ष | ४५ | ३३ | २२ | १० | - |
| ३ | बि.एड. तेस्रो वर्ष | ३५ | २६ | १८ | ७ | १ |
| ४ | बि.एड. चौथो वर्ष | ३१ | २३ | १२ | ३ | - |
| ५ | एम.एड प्रथम सेमेस्टर | २२ | ८ | ५ | २ | - |
| ६ | एम.एड दोस्रो सेमेस्टर | ९ | ५ | ४ | - | - |
| ७ | एम. एड. दोस्रो बर्ष | १८ | ६ | - | - | - |
| | **जम्मा** | **२१९** | **११०** | **८०** | **३५** | **३** |

शैक्षिक सत्र २०७५/०७६ मा यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा २१९ विद्यार्थीहरु मध्ये ११० जना छात्रा, ८० जनजाति र ३५ जना दलित र ३ जना मधिसे विद्यार्थीहरुले अध्ययन गरेको पाइन्छ ।

विगतको तिन वर्षको विद्यार्थी भर्ना दरवाट के कुरा स्पष्ट हुन्छ भने यस संस्थाले कुल विद्यार्थी संख्या मध्ये झण्डै ५०% छात्रा र ३७% जनजाती र १६% शैक्षिक रुपले पिछडिएका दलित तथा मधिसे समुदायका विद्यार्थीहरुलाइ शिक्षा प्रदान गरेको छ भने हाल आएर छात्रा र शैक्षिक रुपमा पछिपरेका समुदायका विद्यार्थी भर्ना दरमा वृद्धि भइरहेको छ ।

### २.१.३. शैक्षिक सत्र ०७६/०७७

| क्र.सं. | कक्षाहरु | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | जनजाति | दलित | मधेशी |
| १ | बि.एड. प्रथम वर्ष | ९० | ५८ | ५३ | १३ | |
| २ | बि.एड. दोस्रो वर्ष | ५५ | ३८ | २० | ११ | २ |
| ३ | बि.एड. तेस्रो वर्ष | २८ | २३ | १४ | ६ | |
| ४ | बि.एड. चौथो वर्ष | ३५ | २२ | १३ | ४ | |
| ५ | एम.एड प्रथम सेमेस्टर | २८ | १७ | १२ | १ | |
| ६ | एम.एड दोस्रो सेमेस्टर | १८ | १८ | ७ | २ | १ |
| ७ | एम. एड. चौथो | ०६ | २ | २ | | |
| | **जम्मा** | **२६०** | **१७८** | **१२१** | **३७** | **३** |

शैक्षिक सत्र २०७६/०७७ मा यस क्याम्पसमा स्नातक देखि स्नातकोत्तर तहसम्म जम्मा २६० विद्यार्थीहरु मध्ये १७८ जना छात्रा, १२१ जनजाति र ३७ जना दलित र ३ जना मधिसे विद्यार्थीहरुले अध्ययन गरेको पाइन्छ ।

विगतको तिन वर्षको विद्यार्थी भर्ना दरवाट के कुरा स्पष्ट हुन्छ भने यस संस्थाले कुल विद्यार्थी संख्या मध्ये झण्डै ६८% छात्रा र ४७% जनजाती र १५% शैक्षिक रुपले पिछडिएका दलित तथा मधिसे समुदायका विद्यार्थीहरुलाइ शिक्षा प्रदान गरेको छ भने हाल आएर छात्रा र शैक्षिक रुपमा पछिपरेका समुदायका विद्यार्थी भर्ना दरमा वृद्धि भइरहेको छ ।

## २.२ तहगत रुपमा विगत ३ वर्षको विद्यार्थी उत्तीर्ण दर (Pass Rate Trend analysis of the Last 3 years , Program Wise/Level Wise )

### २.२.१ शैक्षिक सत्र २०७३/०७४

| तह | कार्यक्रम | परीक्षामा सम्मिलित जम्मा विद्यार्थी | जम्मा पास | परीक्षामा सम्मिलित जम्मा छात्रा | उत्तीर्ण छात्रा | परीक्षमा सम्मिलित जनजाति | परीक्षमा उत्तिर्ण जनजाति | परीक्षमा सम्मिलित दलित | परीक्षमा उत्तिर्ण दलित | परीक्षमा सम्मिलित मधेशी | परीक्षमा उत्तिर्ण मधेशी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्नातक | बी.एड. प्रथम | ७६ | ७ | ५३ | ४ | ४९ | ५ | १२ | १ | - | - |
| | बी.एड. दोस्रो | ३१ | ९ | २१ | ५ | १४ | ३ | २ | ० | - | - |
| | बी.एड. तेस्रो | २८ | ८ | १८ | ६ | १३ | ३ | २ | २ | - | - |
| [illegible] | एम.एड. प्रथम | १७ | ० | ७ | ० | ६ | ० | १ | ० | - | - |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एम.एड. दोस्रो | २६ | १२ | १७ | १० | १० | ५ | २ | ० | - | - |
| **जम्मा** | | **१७८** | **३६** | **११६** | **२५** | **९२** | **१६** | **१९** | **३** | **-** | **-** |

शैक्षिक सत्र २०७३/०७४ मा यस क्याम्पसबाट परीक्षामा सम्मिलित भएका स्नातक (प्रथम, द्वितीय, तृतीय) देखि स्नातकोत्तर (प्रथम, द्वितीय) तहसम्मका परीक्षार्थीहरु १७८ जना मध्ये जम्मा उत्तीर्ण संख्या ३६ जना रहेको पाइन्छ भने ११६ छात्रामा २५ जना, ९२ जनजातिमा १६ र १९ दलितमा ३ जनाले उत्तीर्ण गरेको पाइन्छ ।

## २.२.२ शैक्षिक सत्र २०७४/०७५

| तह | कार्यक्रम | परीक्षामा सम्मिलित जम्मा विद्यार्थी | जम्मा पास | परीक्षामा सम्मिलित जम्मा छात्रा | उत्तीर्ण छात्रा | परीक्षमा सम्मिलित जनजाति | परीक्षमा उत्तिर्ण जनजाति | परीक्षमा सम्मिलित दलित | परीक्षमा उत्तिर्ण दलित | परीक्षमा सम्मिलित मधेशी | परीक्षमा उत्तिर्ण मधेशी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्नातक | बी.एड. प्रथम | ४५ | २ | ३० | १ | २२ | १ | १० | १ | - | - |
| | बी.एड. दोस्रो | ६० | ६ | ४१ | २ | ३१ | ३ | ९ | १ | १ | १ |
| | बी.एड. तेस्रो | ३१ | ७ | २३ | ६ | १२ | २ | ३ | ० | - | - |
| स्नातकोत्तर | एम.एड. प्रथम | १८ | ३ | ६ | २ | ६ | २ | ० | ० | - | - |
| | एम.एड. दोस्रो | १६ | ६ | ७ | ५ | ६ | १ | ० | ० | - | - |
| **जम्मा** | | **१७१** | **२४** | **१०७** | **१६** | **७७** | **९** | **२२** | **२** | **१** | **१** |

शैक्षिक सत्र २०७४/०७५ मा यस क्याम्पसबाट परीक्षामा सम्मिलित भएका स्नातक (प्रथम, द्वितीय, तृतीय) देखि स्नातकोत्तर (प्रथम, द्वितीय) तहसम्मका परीक्षार्थीहरु १७१ जना मध्ये जम्मा उत्तीर्ण संख्या २४ जना रहेको पाइन्छ भने १०७ छात्रामा १६ जना, ७७ जनजातिमा ९, २२ दलितमा २ र एक जना मधेशी उत्तीर्ण गरेको पाइन्छ ।

## २.२.२ शैक्षिक सत्र २०७५/०७६

| तह | कार्यक्रम | परीक्षामा सम्मिलित जम्मा विद्यार्थी | जम्मा पास | परीक्षामा सम्मिलित जम्मा छात्रा | उत्तीर्ण छात्रा | परीक्षमा सम्मिलित जनजाति | परीक्षमा उत्तिर्ण जनजाति | परीक्षमा सम्मिलित दलित | परीक्षमा उत्तिर्ण दलित | परीक्षमा सम्मिलित मधेशी | परीक्षमा उत्तिर्ण मधेशी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्नातक | बी.एड. प्रथम | ५५ | ४ | ३६ | २ | १९ | २ | २ | ० | ० | ० |
| | बी.एड. दोस्रो | ३५ | ३ | २६ | ३ | १७ | १ | ७ | १ | ० | ० |
| | बी.एड. तेस्रो | ४७ | १५ | २९ | ९ | १८ | ८ | ५ | २ | ० | ० |
| | बी.एड. चौथो | २९ | १९ | २२ | १५ | १२ | ७ | २ | १ | १ | ० |
| स्नातकोत्तर | एम.एड. प्रथम से. | १८ | २ | ६ | १ | ३ | ० | ३ | ० | १ | ० |
| | एम.एड. दोस्रो से. | ८ | २ | ४ | २ | २ | १ | ० | ० | ० | ० |
| | एम.एड. तेस्रो से. | | | | | | | | | | |
| | एम.एड. चौथो से. | | | | | | | | | | |
| **जम्मा** | | १९२ | **४१** | **१२३** | **३२** | **७१** | **१९** | **१९** | ४ | २ | **०** |

शैक्षिक सत्र २०७५/०७६ मा यस क्याम्पसबाट परीक्षामा सम्मिलित भएका स्नातक (प्रथम, द्वितीय, तृतीय) देखि स्नातकोत्तर (प्रथम, द्वितीय) तहसम्मका परीक्षार्थीहरु १९२ जना मध्ये जम्मा उत्तीर्ण संख्या ४१ जना रहेको पाइन्छ भने १२३ छात्रामा ३२ जना, ७१ जनजातिमा १९, र १९ दलितमा ४ जनाले उत्तीर्ण गरेको पाइन्छ ।

## २.३ विगत ३ वर्षमा ग्र्याजुयट विद्यार्थीहरुको विवरण (Graduate Trend Analysis of the Last Three Years), Program Wise/ Level Wise

### २.३.१ शैक्षिक सत्र २०७४/०७५

| तह (Level) | कार्यक्रम (Programm) | जम्मा | छात्रा | जनजाति | दलित | मधेसी |
|---|---|---|---|---|---|---|

| | | उत्तीर्ण | | | | |
|---|---|---|---|---|---|---|
| स्नातक | बी.एड. | १८ | ८ | ७ | २ | १ |
| स्नातकोत्तर | एम.एड. | ६ | २ | २ | ० | १ |
| जम्मा | | २४ | १० | ९ | २ | २ |

शैक्षिक सत्र २०७४/०७५ मा यस क्याम्पसबाट ग्र्याजुयट गर्ने २४ जना विद्यार्थीहरु मध्ये १८ जना स्नातक र ६ जना स्नातकोत्तर ग्र्याजुयट रहेको पाइन्छ । स्नातक ग्र्याजुयट गर्ने १८ जना विद्यार्थीहरुमध्ये ८ जना छात्रा, ७ जना जनजाति र २ जना दलित विद्यार्थीहरु रहेको पाइन्छ भने स्नातकोत्तर ग्र्याजुयट गर्ने ६ जना विद्यार्थीहरुमध्ये २ जना छात्रा र २ जना जनजाति रहेको पाइन्छ ।स्नातक र स्नाकोत्तर ग्र्याजुट गर्नेमा १/१ जना मधिसे समुदायका विद्यार्थी समेत रहेका छन् ।

### २.३.२ शैक्षिक सत्र २०७५/०७६

| तह (Level) | कार्यक्रम (Programm) | जम्मा उत्तीर्ण | छात्रा | जनजाति | दलित | मधेसी |
|---|---|---|---|---|---|---|
| स्नातक | बी.एड. | २३ | १२ | ७ | २ | २ |
| स्नातकोत्तर | एम.एड. | ८ | ४ | २ | ० | |
| जम्मा | | ३१ | १० | ९ | २ | २ |

शैक्षिक सत्र २०७५/०७६ मा यस क्याम्पसबाट ग्र्याजुयट गर्ने ३१ जना विद्यार्थीहरु मध्ये २३ जना स्नातक र ८ जना स्नातकोत्तर ग्र्याजुयट रहेको पाइन्छ । स्नातक ग्र्याजुयट गर्ने २३ जना विद्यार्थीहरुमध्ये १२ जना छात्रा, ७ जना जनजाति र २ जना दलित विद्यार्थीहरु रहेको पाइन्छ भने स्नातकोत्तर ग्र्याजुयट गर्ने ८ जना विद्यार्थीहरुमध्ये ४ जना छात्रा र २ जना जनजाति रहेको पाइन्छ । स्नातक ग्र्याजुट गर्नेमा २ जना मधिसे समुदायका विद्यार्थी समेत रहेका छन् ।

### २.३.२ शैक्षिक सत्र २०७६/०७७

| तह (Level) | कार्यक्रम (Programm) | जम्मा उत्तीर्ण | छात्रा | जनजाति | दलित | मधेसी |
|---|---|---|---|---|---|---|
| स्नातक | बी.एड. (चार वर्षे) | ८ | ६ | ४ | | |
| | बी.एड. (तीन वर्षे) | १० | ८ | ३ | | |
| स्नातकोत्तर | एम.एड. (वार्षिक) | ६ | ४ | २ | | |
| | जम्मा | २५ | १८ | ९ | | |

शैक्षिक सत्र २०७६/०७७ मा यस क्याम्पसबाट ग्र्याजुयट गर्ने २५ जना विद्यार्थीहरु मध्ये १८ जना स्नातक र ६ जना स्नातकोत्तर ग्र्याजुयट रहेको पाइन्छ । स्नातक ग्र्याजुयट गर्ने १८ जना

विद्यार्थीहरुमध्ये १४ जना छात्रा, र ७ जना जनजाति विद्यार्थीहरु रहेको पाइन्छ भने स्नातकोत्तर ग्याजुयट गर्ने ६ जना विद्यार्थीहरुमध्ये ४ जना छात्रा र २ जना जनजाति रहेको पाइन्छ ।

### २.४ कार्यक्रमहरु (Programs)

| तह | कार्यक्रम | विषय | सम्बन्धन प्राप्त विश्वविद्यालय | सम्बन्धन प्राप्त मिति |
|---|---|---|---|---|
| स्नातक | बी.एड. | नेपाली | त्रि.वि. | २०६३ |
| | | अंग्रेजी | त्रि.वि. | २०६३ |
| | | गणित | त्रि.वि. | २०६६ |
| | | स्वास्थ्य | त्रि.वि. | २०६३ |
| | | जनसंख्या | त्रि.वि. | २०६३ |
| स्नातकोत्तर | एम.एड. | नेपाली | त्रि.वि. | २०६७ |
| | | अंग्रेजी | त्रि.वि. | २०६७ |

### २.५ शैक्षणिक पद्धति/विधि (Educational Pedagogy)

यस क्याम्पसमा शिक्षण सिकाइलाई सहज र प्रभावकारी बनाउन अन्तरक्रियात्मक तथा विद्यार्थी केन्द्रित, व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर, छलफल, प्रयोगात्मक, फिल्ड स्टडी, प्रोजेक्ट वर्क, केस स्टडी विधिहरु प्रयोगमा रहेका छन् ।शिक्षण सिकाइ प्रक्रियालाई समय सान्दर्भिक र प्रविधि मैत्री बनाउन कक्षाकोठामा प्रोजेक्टर जडान गर्ने योजना रहेको छ ।साथै शिक्षालाई जिवन उपयोगी र अनुसन्धान मुलक बनाउनका क्याम्पसमा स्थापित अनुसन्धान व्यबस्थान इकाइ मार्फत क्याम्पसका शिक्षक र विद्यार्थीहरु लाई अनुसन्धात्मक कार्यमा लगाउने गरिएको छ ।

## ३. भौतिक प्रगति (Physical Progress)

### ३.१ पूर्वाधार विकास (Infrastructural Development)

भौतिक पूर्वाधार भन्नाले कार्यक्रम संचालन गर्नका लागि नभई नहुने आधारहरु हुन् । यस क्याम्पसको भौतिक पूर्वाधार भन्नाले प्रशासनिक भवन, पुस्तकालय भवन, शैक्षिक (पठनपाठन) भवन, कम्पाउन्ड, क्यान्टिन, प्रतिक्षालय, स्ववियु कार्यालय, गार्डेन, खेल मैदान आदिलाई बुझाउँछ । यसै अन्तर्गत यस क्याम्पसको भौतिक पूर्वाधारलाई निम्नानुसार देखाउन सकिन्छ ।

| क्र.सं | प्रयोजन | तला | संख्या | कोठा | कैफियत |
|---|---|---|---|---|---|

| . | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवन | ४ | १ | १२ | १ वाचनालय र १ पुस्तकालय सहित |
| २ | शैक्षिक भवन | ४ | १ | १७ | १ सभाहल सहित |
| ३ | कम्पाउन्डवाल | - | - | - | |
| ४ | क्यान्टिन | १ | १ | १ | |
| ५ | प्रतिक्षालय | - | - | - | निर्माण कार्य जारी रहेको |
| ६ | स्ववियु कक्ष | - | - | १ | शैक्षिक भवनको भुई तलामा संचालन भएको |
| ७ | गार्डेन | - | - | - | वाटर फउन्टेन सहित गार्डेनको निर्माण |
| ८ | खेल मैदान | - | - | - | सम्झौता अनुसार जनज्योति उ.मा.वि.को खेल मैदान प्रयोग गरिदै आएको |
| ९ | क्याम्पस आउने बाटो | - | - | - | हाल कच्ची अवस्थामा रहेको र पाँच वर्षे रणनीतिक योजनामा कालो पत्रे गर्न समावेश गरिएको |
| १० | पार्किङ को व्यवस्था | - | - | - | निर्माण सम्मन्न |
| ११ | शौचालय छात्रा | | ४ | ४ | |
| | शौचालय छात्र | | ३ | ३ | Urinal toilet 2 |
| १२ | पाले घर | १ | | १ | |

आफ्नै नाममा रहेको तीन कट्ठा तीन धुर तीन पाइ र जिल्ला प्रशासन कार्यालय सिन्धुली तथा कमलामाई नगरपालिका सिन्धुलीवाट करिब १० कट्ठा जमिन भोगाधिकार पाइ संचालनमा रहेको यस क्याम्पसको प्रशासनिक भवनको भुइँ तल्ला र पहिलो तला कमलामाई नगरपालिकाको आर्थिक अनुदान तथा क्याम्पसको आन्तरिक स्रोतमा पुरा गरिएको र दोस्रो र तेस्रो तल्ला UGC को अनुदान सहयोग र क्याम्पसको आन्तरिक स्रोतमा पुरा गरी हाल सुविधा सम्पन्न चार तले भवनमा प्रशासनिक कार्य संचालन भईरहेको छ भने अर्को चारतले भवनमा पठन पाठन कार्य संचालन भइरहेको छ । भवन निर्माण सम्बन्धि कार्यहरु सम्पन्न गर्न सञ्चालक समितिका सदस्य दिपक ढकालको अध्यक्षतामा भवन निर्माण समिति गठन गरिएको छ । भवन निर्माणको  अनुगमन र रेखदेख गर्ने कार्य भवन निर्माण समितिको सक्रियतामा हुदै आएको छ । त्यस्तै यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई स्वस्थकर खाना तथा खाजाको सहज व्यवस्थापनका लागि क्याम्पसको हाता भित्र क्यान्टिनको व्यवस्था गरिएको छ । UGC HERP अन्तर्गत हाल यस क्याम्पसको कम्पाउण्ड वाल पूर्ण रुपमा निर्माण भएको छ ।क्याम्पस परिसर लाइ सुरक्षित बनाउन क्याम्पसमा गेटको निर्माण गरिएको छ भने क्याम्पस हातालाई हराभरा र सुन्दर बनाउन बगैचाको निर्माण गरिएको छ । हाल यस क्याम्पसमा अध्ययनरत छात्र/छात्रा, शिक्षक, कर्मचारीहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ ।

## ३.२ शैक्षिक सामग्री (Educational Aids)

यस क्याम्पसको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विभिन्न शैक्षिक सामग्री तथा आधुनिक विद्युतिय सामग्रीको प्रबन्ध गरिएको छ ।जसमा प्रोजेक्टर ५ थान, ह्वाइट बोर्ड २० थान, विभिन्न प्रकारका शैक्षिक खेल सामग्री, विभिन्न विषयका स्लाइड लगायत विभिन्न किसिमका सान्दर्भिक सामग्रीहरुको प्रयोग गरिदै आएको छ । शिक्षण सिकाइ क्रियाकलापलाइ प्रभाबकारी बनाउन बार्षिक योजना निर्माण गरी शिक्षण गर्ने गरीएको छ ।

### ३.२.१ शैक्षिक उपकरण (Educational Equipments)

यस क्याम्पसमा हालसम्म खरिद गरिएका शैक्षिक उपकरणहरु निम्नानुसार छन् ।

| क्र.सं. | उपकरण | अवस्था | संख्या |
|---|---|---|---|
| १ | कम्प्युटर | सामान्य | ८ |
| २ | ल्यापटप | सामान्य | ३ |
| ३ | प्रिन्टर | १ सामान्य/१ राम्रो | २ |
| ४ | फयाक्स | सामान्य | १ |
| ५ | फोटोकपि | १ सामान्य/१ राम्रो | २ |
| ६ | इन्टरनेट | राम्रो | 25mbps |
| ७ | पोजेक्टर | राम्रो | 5 |

हाल यस क्याम्पसमा शैक्षिक साम्रगीको रुपमा कम्प्युटर ८ थान, ल्यापटप ३ थान, प्रिन्टर २ थान, फयाक्स १ थान, फोटोकपि मेसिन २ थान लगाएत इन्टरनेट सेबाको व्यवस्था गरिएको छ । यस क्याम्पसमा ICT को ५ थान पोजेक्टर रहेकाछन् भने आगामी दिनमा ICT को पहुँचमा वृद्धि गरि यस क्याम्पसलाई सूचना प्रविधिसँग पूर्ण रुपमा सक्षम बनाइने योजना रहेको छ ।

### ३.२.२ पुस्तक/पत्रपत्रिका/सन्दर्भ सामग्री (Books/Journals/Reference Materials)

| क्र.सं. | सामग्रीको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पुस्तक | ७००० | |
| २ | पत्र पत्रिका | - | दैनिक ३, मासिक ५ र वार्षिक ४ |
| ३ | सन्दर्भ सामग्री | १६० | विभिन्न दाताहरुबाट प्राप्त |

यस क्याम्पसमा १/१ ओटा पुस्तकालय र वाचनालय कोठा छन् भने पुस्तकालयमा ७००० थान पाठ्यपुस्तक रहेका छन् ।वाचनालयमा दैनिक रुपमा तिन ओटा, मासिक रुपमा पाँच ओटा र वार्षिक रुपमा ४ ओटा पत्रपत्रिकाको व्यवस्था गरिएको छ । गुणराज स्मृति प्रतिष्ठानको पहल र अमेरिकन दुतावासको सहयोगमा यस क्याम्पसलाई मिति २०१६ डिसेम्बर १६ मा १६० थान सन्दर्भ पुस्तकहरु प्राप्त भएको छन् ।क्याम्पसमा विद्यार्थीको माग अनुसार आवश्यक पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा पत्र

पत्रिका थप गर्ने कार्य जारीरहेको छ भने क्याम्पसमा एक ई-पुस्तकालयको व्यवस्था गर्ने योजना रहेको छ।

### ३.२.३ फर्निचर तथा अन्य बिद्युतीय उपकरण (Furniture other equipments)

यस क्याम्पसको प्रशासनिक कार्य तथा पठन पाठनलाई सहज र व्यवस्थित बनाउनको लागि विभिन्न प्रकारका फर्निचरहरुको व्यवस्था गरिएको छ । यस क्याम्पसमा हालसम्म व्यवस्था गरिएका फर्निचरहरु निम्नानुसार रहेका छन् ।

| क्र.सं. | किसिम | अवस्था | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डेक्सबेन्च | सामान्य | ३५७ | |
| २ | सादा टेवल (सानो) | राम्रो | २१ | |
| ३ | सादा टेवल (ठुलो) | राम्रो | १८ | |
| ४ | अफिस टेवल | राम्रो | १८ | |
| ५ | टि टेबल | राम्रो | ०८ | |
| ६ | कम्प्युटर टेवल | राम्रो | ०२ | |
| ७ | लेक्चर टेवल | सामान्य | १२ | |
| ८ | रोष्टम | सामन्य | ०२ | |
| ९ | कुर्सी (पलास्टीक) | राम्रो | ८४ | |
| १० | घुमाउने कुर्सी | राम्रो | ०६ | |
| ११ | कुर्सी(काठ) | राम्रो | ०९ | |
| १२ | फलामे कुर्सि | राम्रो | ४२ | |
| १३ | स्टील आलमारी | सामान्य | ५ | |
| १३ | क्याविनेट्स | राम्रो | १० | |
| १४ | स्टील दराज | राम्रो | १३ | |
| १५ | दराज ग्लासडोर | राम्रो | ०२ | |
| १६ | दराज काठ | राम्रो | ०२ | |
| १७ | शोफा सेट | सामान्य | ०४ | |
| १८ | पुस्तक र्‍याक ठूलो | राम्रो | १२ | |
| १९ | पिन बोर्ड | सामान्य | ३ | |
| २० | वाटर हिटर | राम्रो | २ | |
| २१ | सी सी टी भी | राम्रो | १ थान | |
| २२ | सिग्नेचर मेशिन | राम्रो | १ | |
| २३ | फ्यान | राम्रो | ५० | |
| २४ | पानी टेङ्की(पलास्टीक) | राम्रो | ४ | |
| २५ | खाट | सामान्य | ५ | |

यस क्याम्पसमा डेक्सबेन्च ३५७ थान, टेवल ३८ थान, कुर्सी १६५ थान, शोफा सेट ४ थान, स्टील दराज १५ थान र क्याविनेट्स १० थान रहेको छ साथै प्रशासन संचालनका लागि आवयश्क पर्ने सामाग्रीहरुको यथोचित व्यवस्था गरिएको छ र अपुगको सामाग्रीको व्यवस्था गर्ने योजना बनाइएको छ । त्यस्तै विद्युतीय सामाग्री CCTV र Signature समेत रहेका छन् ।

## ४. आर्थिक प्रगति (Financial Progress)

वि.स. २०६३ सालमा स्थापना भएको यस क्याम्पसको शुरुका दिनहरुमा भौतिक अवस्था कमजोर भएतापनि तत्कालिन समयको माग अनुसार सुरुवात गरिएको एक मात्र संकाय शिक्षा शास्त्रमा विद्यार्थीहरुको बढ्दो चाप र यस भेगका स्थानीयहरुको शिक्षा प्रतिको अनुरागका कारण यस क्याम्पसले निकै लोभलाग्दो आर्थिक प्रगति गरेको थियो । हाल आएर शिक्षा शास्त्र संकायमा विद्यार्थीहरुको न्यून उपस्थितिले गर्दा यसको आर्थिक पक्ष कमजोर हुन पुगे पनि स्थानीय/दाताहरुको माया, विश्वविद्यालय अनुदान आयोगको सहयोग निरन्तर पाइरहेको कारणले आर्थिक अभावको विचमा पनि आफ्ना गतिविधिहरु तिव्र रुपमा अघि बढाइरहेको यस संस्थाको विगत तीन वर्षको आय स्रोत यस प्रकार रहेको छ ।

### ४.१ विगत तिन वर्षको आम्दानी विश्लेषण (Income Analysis of the last Three years)

**क्याम्पसको आम्दानी २०७४/०७५**

| क्र.सं. | आम्दानी | आ.व. २०७४/०७५ | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थी शुल्क | ४२,६६,६०५।०० | |
| २ | विश्वविद्यालय अनुदान आयोग | २९,३३,३५७।०० | |
| ३ | त्रि.वि. वि. पनिका | ४,७५०।०० | |
| ४ | बैक ब्याज | ८८,७४९।२३ | |
| ५ | सापटी | १६,५५,०००।०० | |
| ६ | अक्षय कोष | १,००,०००।०० | |
| ७ | विविध | ४,६६,३९५।०० | |
| | **जम्मा** | **९५,१४,८५६।२३** | |

**क्याम्पसको आम्दानी २०७५/०७६**

| क्र.सं. | आम्दानी | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थी शुल्क | २२,१२,७२८।०० | |
| २ | विश्वविद्यालय अनुदान आयोग | १४,०५,३८१।०० | |
| ३ | प्रदेश सरकार अनुदान | २०,००,०००।०० | |

| | | | |
|---|---|---|---|
| ४ | त्रि.वि. वि. पनिका | ४१,२००।०० | |
| ५ | बैक ब्याज | १,६४,८१०।१३ | |
| ६ | संघ संस्था सापटी | ११,५०,०००।०० | |
| ७ | विविध | ३७ ,३७०।०० | |
| | **जम्मा** | **७०,११,४८९।१३** | |

**क्याम्पसको आम्दानी २०७६/०७७**

| आय विवरण | रकम |
|---|---|
| विद्यार्थी शुल्क | ६८९६५१९ |
| विश्वविद्यालय अनुदान आयोग | ८१९२२८८.८ |
| फर्निचर शुल्क | ६९६०० |
| जनज्योति अनुदान | १२००००० |
| क्यान्टिन आम्दानी | २५००० |
| टेन्डर खरिद | १११७५० |
| बैंक व्याज | १०३३९५.३० |
| त्रिवि पनिका परीक्षा आम्दानी | १९१२५१ |
| आजिवन सदस्य | ३००० |
| अभ्यास शिक्षण पुस्तिका | १२४०० |
| कमलामाई नगरपालिका बाट अनुदान | ५५७७५५ |
| अन्य आम्दानी | ६६२०० |
| आय भन्दा व्यय बढी | १५८६४०८.३० |
| **जम्मा** | **१९००३१६७.४०** |

यस क्याम्पसको गत तीन वर्षको आम्दानीको अध्ययन गर्दा आ.ब आ.ब.२०७४/०७५ मा विद्यार्थी शुल्क बाट रु. ४२,६६,६०५।- प्राप्त भएको देखिन्छ भने आ.ब.२०७५/०७६ मा २२,१२,७२८ प्राप्त भएको थियो । त्यस्तै आ. ब. २०७६/०७७ ६६,७३,६६९ प्राप्त भएको थियो । क्याम्पसको शैक्षिक गुणस्तर तथा भौतिक संरचानामा सुधार ल्याउन क्याम्पसलाई प्राप्त हुँदै आएको विश्वविद्यालय अनुदान आयोगबाट आ.व.२०७४/०७५मा रु.२९,३३,३५७ ।- र आ.व. २०७५/०७६ मा रु.१४,०५,३८१ प्राप्त भएको थियो । आ. व. २०७४/०७५मा प्रदेश सरकार बाट क्याम्पसको भौतिक विकासको लागि रु.

२०,००,०००।- प्राप्त भएको छ । आ.ब.२०७६/०७७ मा कमलामाई नगरपालिका बाट अनुदान रु. ५,५७,७५५ प्राप्त भएको थियो ।

## ४.२ विगत तिन वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the last Three Years)

### दोहोरिरहने खर्च (Recurrent Expenses)

### क्याम्पसको खर्च २०७४/०७५

| क्र.सं. | खर्च | आ.व. २०७४/०७५ | कैफियत |
|---|---|---|---|
| १ | तलब भत्ता | ३१,८५,२९७।०० | |
| २ | परीक्षा संचालन रजिष्ट्रेसन | ५,५२,०४५।०० | |
| ३ | छात्रवृत्ति | २,३६,८१४।०० | |
| ४ | धरौटी फिर्ता | ५०,०००।०० | |
| ५ | तालीम सञ्चालन | १,७७,३९९।०० | |
| ६ | कर | ५२,८४९।९४ | |
| ८ | अतिथि सत्कार | १५००।०० | |
| ९ | पुस्तक र स्टेसनरी | १,६१,४१०।०० | |
| १० | लेखा परीक्षण शुल्क | १२,७५७।०० | |
| ११ | विद्युतीय सामग्री खरिद | ४,८०,५००।०० | |
| १२ | विविध | १७,०७५।०० | |
| | **जम्मा** | **४९,२७,६४६।९४** | |

### क्याम्पसको खर्च २०७५/०७६

| क्र.सं. | खर्च | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|
| १ | तलब भत्ता | ५१,६७,०८२।४५ | |
| २ | परीक्षा संचालन रजिष्ट्रेशन | ५,३६,२९१।०० | |
| ३ | वार्षिक समारोह तथा अतिथी सत्कार | ९६,३०७।०० | |
| ५ | विमा | ३८,४००।०० | |

| | | | |
|---|---|---|---|
| ६ | छात्रवृत्ति तथा विद्यार्थी कल्याण | १,२९,७२८।०० | |
| ८ | कर | ६,८०२।५३ | |
| ९ | पाठ्यपुस्तक | १,१६,७४९।०० | |
| १० | गेट निर्माण | ७१,४४५।०० | |
| ११ | बगैचा निर्माण | १,२४,७२३।०० | |
| १२ | परिक्षा केन्द्र शुल्क | ६२,०००।०० | |
| १३ | विद्युत तथा इन्टरनेट खर्च | ९३,३६५।०० | |
| १४ | मर्मत सम्भार | २७,०००।०० | |
| १५ | लेखा परीक्षण शुल्क | २०,०००।०० | |
| १६ | शैक्षिक भ्रमण | १,२०,०००।०० | |
| १६ | विविध | ६७,०८२।०० | |
| | **जम्मा** | **६७,७६,४२४।९८** | |

माथिका गत तीन वर्षको खर्चको अध्ययन गर्दा सवैभन्दा बढी तलब भत्तामा खर्च भएको पाइन्छ । तलब भत्तामा आ.व. २०७२/०७३ मा रु. ३५,०९,९५०।०० र आ. ब. २०७३।०७४ मा रु. ३३,७७,१७९।०० खर्च भएको देखिन्छ आ. ब. २०७४।०७५ मा ३१,८५,२९७।०० खर्च भएको देखिन्छ । विगत तिन बर्षको खर्च विश्लेष गर्दा तलब भत्तामा कमि आए पनि अन्य शिर्षकमा भने बढि रहेको देखिन्छ ।

### क्याम्पसको खर्च २०७६/०७७

| खर्च | रकम (आ.ब २०७६।०७७ |
|---|---|
| तलब भत्ता | ६४००३७०.४९ |
| सञ्चयकोष | ५१३९१६.८० |
| नागरिक लगानी कोष | ३८४००० |
| प्रशासनिक खर्च | २५९३८७ |
| प्रचार प्रसार खर्च | ३८८९० |
| वार्षिक समारोर | २१५५० |
| लेखा परीक्षण शुल्क | ४५२२८ |
| पाठ्यपुस्तक खरिद | ४२३१८१ |
| भवन मर्मत तथा सम्भार खर्च | ५१२६९१ |
| क्यालिन्डर छपाई खर्च | २६५०० |
| क्याम्पस प्रमुख तालिम खर्च | २६०० |
| कक्षाकोठा फर्निचर | ४८७२५६ |
| रंग रोगन खर्च | ४५६३४५.२१ |
| च्यानल गेट निर्माण | ७१५०३.५७ |
| ट्रस्ट भवन निर्माण | ४३२३०१.९५ |

| | |
|---|---|
| शैक्षिक सामाग्री खरिद | ३८२७७१ |
| विद्युत महसुल शूल्क | ८३५७५ |
| त्रि.वि. परीक्षा खर्च | ७१०८६९ |
| फ्लेक्स व्यानर | १५१७० |
| फर्निचर खर्च | ६१९५२ |
| खेल मैदान निर्माण | ५६६१७४ |
| क्यान्टिन तथा गार्ड हाउस निर्माण | १९८३७७०.८१ |
| गार्डेन तथा पार्किङ निर्माण | १११७३३३.३८ |
| छात्रवृत्ति | ७९७०० |
| छात्रा शौचालय | २४५२७०.४४ |
| बगैंचा विस्तार | २१३०० |
| कार्यालय फर्निचर | ४५२००० |
| पाउना सत्कार | २७६५९२ |
| इन्टरनेट शुल्क | १८३०५ |
| पाठ्यपुस्तक खरिद | ९३५६५ |
| लाइब्रेरी व्यवस्थापन | ५२२० |
| क्याम्पस प्रबेशद्वार निर्माण | २०९९५९.४२ |
| कमलामाई नगरपालिकामा डिपोजिट | ६५००० |
| मर्मत सम्भार | १३८६० |
| विविध | १६१९६६.५१ |
| बुक्क र्‍याक खरिद | ४७९१२० |
| प्लमिङ्ग खर्च | २५५२५ |
| Siddhajyoti Interdisiplinary Journal प्रकाशन | १४९०००.३६ |
| क्याम्पस नविकरण शुल्क | ३३९५ |
| Research Support Grant | १८६९१२ |
| सफ्टवेयर शुल्क | ७०८२० |
| स्टेशनरी तथा पत्र पत्रिका खर्च | १६१६६४ |
| टेलिफोन शुल्क | २२८७२ |
| Tender Document preparation | ३०००० |
| शौचालय मर्मत खर्च | ४२२४५ |
| ट्रेसर स्टडि | २७००० |
| टेन्डर धरौटी फिर्ता | १११७५० |
| Water Founting Bar | ६०१२३ |
| Writing Publication Cost | ३००० |
| ह्रास कट्टी | ९८९६६६.४६ |
| जम्मा | १९००३१६७.४० |

## ४.३ पूँजीगत खर्च *(*Capital Expenditures*)*

### प्रमुख भौतिक संरचना निर्माण (Major Infrastructures Development)

आ.व. २०७४/०७५

| **Major** | | | |
|---|---|---|---|
| क्र.सं. | भौतिक संरचना | रकम | कैफियत |
| १ | भवन र कम्पाउन्ड वाल निर्माण | २०,३९,२९०।- | |
| **Minor** | | | |
| **१** | फोटोकपी मेसिन खरिद | १९,२०७।- | |
| २ | कम्प्युटर,ल्यापटप | ४,६१,२९३।- | |
| ३ | सफ्टवयर | २,५६,३८०।- | |
| ४ | मर्मत तथा रंगरोगन | १५,१६०।- | |
| ५ | पुस्तक खरिद | ५२,५२०।- | |

आ.व. २०७५/०७६

| **Major** | | | |
|---|---|---|---|
| क्र.सं. | भौतिक संरचना | रकम | कैफियत |
| १ | गेट निर्माण | ७१,४४५।०० | |
| २ | | २,१२,१४३।०० | |
| **Minor** | | | |
| १ | फर्निचर तथा वाइरिङ | २७,०००।०० | - |
| **Equipment** | | | |
| | - | - | |
| **Books** | | | |
| १ | पुस्तक खरिद | १,१६,७४९।०० | |

आ.व. २०७६/०७७

| **Major** |
|---|

| क्र.सं. | भौतिक संरचना | रकम | कैफियत |
|---|---|---|---|
| १ | च्यानल गेट निर्माण | ७१५०३.५७ | |
| २ | ट्रस्ट भवन निर्माण | ४३२३०१.९५ | |
| | क्यान्टिन तथा गार्ड हाउस निर्माण | १९८३७७०.८१ | |
| | गार्डेन तथा पार्किङ निर्माण | १११७३३३.३८ | |
| | छात्रा शौचालय | २४५२७०.४४ | |
| | क्याम्पस प्रबेशद्वार निर्माण | २०९९५९.४२ | |
| **Minor** | | | |
| १ | कक्षाकोठा फर्निचर | ४८७२५६ | - |
| २ | शैक्षिक सामाग्री खरिद | ३८२७७१ | |
| **Equipment** | | | |
| | - | - | |
| **Books** | | | |
| १ | पाठ्यपुस्तक खरिद | ४२३१८१ | |
| | पाठ्यपुस्तक खरिद | ९३५६५ | |

## ४.३ Audit Observations in the last fiscal year

यस क्याम्पसको विगतका लेखा परीक्षणका तुलनामा गत वर्षको लेखा परीक्षण ICAN को सिद्धान्त अनुरुप गरिएको छ । यस क्याम्पसको लेखा परीक्षण प्रचलित कानुन तथा आर्थिक प्रशासन नियमावलीको परिधि भित्र रही गरिएको भएता पनि लेखा परीक्षणका सन्दर्भमा लेखा अभिलेखलाई अझ व्यवस्थित गरि राख्नु पर्ने सुझाव आएकाले लेखा अभिलेखलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ । त्यस्तै क्याम्पसको विभिन्न शुल्क भनि एक मुष्ठ रकम आम्दानी बाधेको हुनाले शिर्षकगत शुल्कको वर्गीकरण गर्नु पर्ने सुझाव दिएकाले आगामी दिनमा विविध आम्दानी भित्र पनि शिर्षकगत आम्दानी बाध्ने कामको थालनी भएको छ । साथै क्याम्पसको भौतिक निर्माण कार्यमा प्राविधिकवाट लगत इस्टिमेट र काम सम्मन्न प्रतिवेदन राखि नियमित गर्नु पर्ने सुझाव दिएकाले आगामी दिनमा प्राविधिक इस्टिमेट र काम सम्मन्न प्रतिवेदन राखि नियमित गर्ने कामको थालनी भएको छ ।

# ५) सामाजिक प्रगति (Social Progress)

## ५.१ सामाजिक क्रियाकलापमा क्याम्पसको सहभागिता (Campus's Involvement in Social Activities)

- रेडक्रस उपशाखा फोस्रेटार सिन्धुलीद्वारा आयोजित एक दिने कनपा–५ वडा स्तरीय सरसफाइ कार्यक्रममा सहभागी

- कनपा–४ को खुल्ला दिसामुक्त वडा घोषणा कार्यक्रममा सहभागी
- जिल्ला पुर्ण साक्षरता घोषणा कार्यक्रममा सहभागी
- जिल्ला समन्वय इकाई, नगर परिषद तथा वडा भेला लगायत जिल्लाको विकास निर्माण कार्यमा बजेट तर्जुमाका सन्दर्भमा सहभागी
- स्वरोजगार सम्बन्धी विभिन्न तालिम तथा कार्यक्रममा सहभागी
- जिल्ला स्थित अन्य शैक्षिक संस्था, गैर सरकारी संस्था, सहकारी लगायतका विभिन्न संघ संस्थाहरुको वार्षिक साधारण सभामा सहभागी भई शैक्षिक परिवर्तन र शैक्षिक प्रगतिका सन्दर्भमा छलफलमा सहभागी
- लागुऔषध दुर्व्यसनी सम्बन्धी जनचेतनामूलक कार्यक्रमा सहभागी
- प्रादेशिक महोत्सव २०७५ मा सहभागी
- रेडक्रस सोसाइटी सिन्धुली द्वारा आयोजीत रक्तदान कार्यक्रममा सहभागी

## ५.२ क्याम्पसको लागि समाजको योगदान *(*Society's contributions for campus*)*

- यस क्याम्पसका अभिभावक तथा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष श्री पुरुषोतम अधिकारीज्यूले क्याम्पसमा रु एक लाखको अक्षयकोष स्थापना गर्नु भएको छ ।
- क्याम्पसको आर्थिक स्रोत जुटाउने कार्यमा स्थानीय समुदायहरु सहभागी छन् ।
- यस समुदायका शिक्षा प्रेमी व्यक्तिहरुले यस क्याम्पसको विशिष्ट सदस्य, यशस्कर सदस्य, आजिवन सदस्य बनेर क्याम्पसलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गरि रहेका छन् ।
- यस समुदायको सामुदायिक वन समितिद्वारा क्याम्पसलाई आवश्यक काठ उपलब्ध गराई फर्निचर निर्माणमा सहयोग पुऱ्याइएको छ ।
- यस क्याम्पसका सरोकारवालाहरुद्वारा समय समयमा पठन–पाठन लगायत अन्य कुराहरुमा सकारात्मक सरसल्लाह र सुझाव प्रदान गरिदै आएको छ ।
- विभिन्न दाताहरुद्वारा पाठ्यपुस्तक, सन्दर्भपुस्तक उपलब्ध गराइएको छ ।
- यस क्याम्पसको शैक्षिक तथा भौतिक निर्माण तथा योजना तर्जूमा कार्यमा अभिभावकहरुको प्रत्यक्ष सहभागिता ।

## ५.३ क्याम्पसले समाजलाई पुऱ्याउन सक्ने योगदानको योजना *(*Plan for Campus's Contribution to Society*)*

- QAA प्रमापत्र प्राप्त गरी बजारको माग अनुसारको गुणस्तरीय जनशक्ति उत्पादन गर्दै जाने ।
- यस क्याम्पसले दलित विद्यार्थीहरुलाई भर्नापछि मासिक शुल्कमा पुरै मिनाहा गर्दै आएकोले उनीहरुको साक्षरता दर बृद्धि गर्न सहयोग पुग्ने ।
- यस क्याम्पसमा अध्ययनरत जनजाति, शारीरिक रुपमा विकलाङ्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिका माध्यमबाट शिक्षण सिकाइमा सहयोग पुऱ्याएको र आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिने ।
- उपचरात्मक कक्षा सञ्चालनद्धारा कमजोर विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सुधार हुने ।
- बजार मुखी नयाँ विषयहरु थप गरी जिल्लामै न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै जाने ।
- भर्नापछि १ (एक) सेट पाठ्यपुस्तक र अन्य सन्दर्भसामग्री उपलब्ध गराइ शिक्षण सिकाइलाई सहज बनाएको छ र यस कार्यले अभिभावकको खर्चमा न्युनिकरण हुने ।
- यस क्याम्पसले लागुऔषध दुर्व्यसनी, विपत् व्यवस्थापन, लैङ्गिकविभेद न्युनिकरण, गरिबी उन्मूलन जस्ता कार्यमा अझ सार्थक रुपमा जनचेतना बढाउने ।
- आन्तरिक तथा त्रि. वि. ले लिने परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाइ समुचित छात्रबृत्तिको व्यबस्था गरि विद्यार्थीहरु लाई प्रोत्साहन गर्ने ।

## ५.४ क्याम्पसमा समाजको सहभागीता बढाउने योजना (Plan for Increased Involvement of Society in the Campus)

- क्याम्पस र समुदाय विचको सुमधुर सम्बन्ध स्थापित गर्ने ।
- यस क्याम्पसका अभिभावक, विशिष्ट सदस्य, यशस्कर सदस्य, चन्दादाता, छात्रवृत्ति दाताहरुलाई क्याम्पसका विभिन्न क्रियाकलापहरुमा सहभागी गराउने ।
- अक्षयकोष दाताहरुलाई क्याम्पसका गतिविधिमा सहभागी गराइ सरसल्लाह र सुझाव लिने ।
- समय समयमा क्याम्पस र समुदायका विच अन्तर्क्रिया सञ्चालन गर्ने ।
- स्थानीय चाडपर्व, उत्सव आदिमा क्याम्पस समुदाय विच सहसम्बन्ध कायम गराउने ।
- पूर्व विद्यार्थी समाजलाई सक्रिय बनाउने ।

## ६. समस्या, चुनौति ( Issues and Challenges)

## ६.१. अल्पकालिन समस्या र चुनौति :(Short-Term Issues and Challenges)

- क्याम्पसमा पठनपाठन चुस्त हुँदाहुँदै पनि नतिजा न्युन रहेको ।
- आधुनिक उपकरणको प्रयोग गरी नियमित पठनपाठन गर्न नसकिएको ।
- होस्टेलको व्यवस्था गर्न नसक्दा टाढाका विद्यार्थीहरुको भर्ना न्युन रहेको ।
- आवश्यक संख्यामा पूर्णकालिन शिक्षक/प्राध्यापकहरुको नियुक्ति गर्न नसकिएको ।
- छात्रवृत्तिकोष अपर्याप्त रहेको ।
- सुविधायुक्त पुस्तकालयको व्यवस्था गर्न नसकिएको ।
- यो संस्था पनि राजनीतिक प्रभावबाट मुक्त नहुनु ।
- यस संस्थामा काम गर्ने शिक्षक तथा कर्मचारीहरुलाई कार्यक्षमता विकासका लागि समय समयमा प्रभावकारी तालिमको व्यवस्था गर्न नसक्नु ।

## ६.२ दीर्घकालिन समस्या र चुनौति : (Long-Term Issues and Challenges)

- क्याम्पसको आर्थिक स्रोत विद्यार्थीहरु नै भएकाले विद्यार्थी संख्याको घट्दो अवस्थाका कारण आर्थिक अवस्था कमजोर हुँदै आएको,
- क्याम्पसको आर्थिक अवस्था दिन प्रतिदिन कमजोर हुँदै गएकाले क्याम्पसमा कार्यरत पुर्णकालिन शिक्षक कर्मचारीको मनोवल कमजोर हुने अवस्था रहेको,
- शिक्षा शास्त्र संकाय प्रति विद्यार्थीहरुको चासो कम हुँदै गएको,
- प्रतिभावान तथा क्षमतायुक्त विद्यार्थीहरु यस क्याम्पसमा भर्ना नभइ काठमाण्डौ तथा अन्य शहरहरुलाई लक्ष्य बनाई पलायन हुनु ।
- पठनपाठनमा विद्यार्थीहरु अधिकतम रुपमा नियमित नहुनु ।
- पर्याप्त खेलमेदान उपलब्ध नहुनु ।
- यस क्याम्पसमा आवतजावत गर्नका लागि पिच रोड, नजिकैको खहरे खोलामा पुलको अभाव भएको ।

## ६.३ समस्या समाधानका उपायहरु (Mitigating Measures taken to addressing the Issues and Challenges)

- पठनपाठनलाई सुधार गर्दै विद्यार्थी उत्तीर्ण दर बढाउने ।
- आधुनिक उपकरणको प्रयोग गरी नियमित पठनपाठन गराउने ।
- होस्टेलको व्यवस्था गरी मोफसलका विद्यार्थीहरुलाई आकर्षित गर्ने ।
- संकाय थप गरी आवश्यक संख्यामा पूर्णकालिन शिक्षकको व्यवस्था गर्ने ।
- दाताहरुको खोजी गरी छात्रवृत्ति कोषको पर्याप्त व्यवस्था गर्ने ।

- विद्यार्थीहरुलाई प्रतिष्पर्धात्मक बनाई वेरोजगारी समस्या हल गर्ने,
- क्याम्पसको विद्यार्थी भर्नाको क्रमलाई बढाई आर्थिक स्रोतको अभिवृद्धि गर्ने
- क्याम्पसमा प्राविधिक विषयहरुको सम्बन्धन लिई पठनपाठन सञ्चालन गर्ने,
- क्याम्पसको घेराबेरा तथा कम्पाउण्डलाई पुर्ण व्यवस्थित बनाउन आवश्यक कार्य गर्ने,
- क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीहरुको मनोवल बढाउन विभिन्न बैकल्पिक उपायहरु खोज्ने,
- संस्थाको गुणस्तरमा बृद्धि तथा विश्वासनीयता आर्जन गरी विद्यार्थी पलायनलाई न्युनिकरण गर्ने ।
- खहरेमा पुल र पिचरोडको निर्माण गर्न लाग्ने खर्चको लागि राजनीतिक सहमतिको प्रयास गर्ने ।
- नियमित हुने विद्यार्थीहरुलाई छात्रवृत्ति छनौटको आधार बनाइने जसले गर्दा विद्यार्थी नियमित हुने ।
- क्याम्पसका समस्याहरु समाधान गर्न विद्यार्थी प्रतिनिधि, क्याम्पस प्रशासन, क्याम्पस सञ्चालक समिति र अभिभावकहरु बीच समन्वय गर्दै अघि बढ्ने ।

### ६.४ समस्या र चुनौतिहरुलाई सम्बोधन गर्ने योजना (Plan for Addressing the Issues and Challenges)

| क्र.सं. | मुद्दा तथा चुनौति | रणनीति | नीति तथा कार्यान्वयन |
|---|---|---|---|
| १. | क्याम्पसको आर्थिक स्थायित्व | सरोकारवालाहरुसँग छलफल गर्ने | विभिन्न बैठकमा छलफल गरी आर्थिक स्थायित्व प्राप्त गर्न निरन्तर प्रयासरत रहने । |
| २. | गुणस्तरीय शिक्षा | नयाँ उपकरण र प्रविधिहरुको अधिकतम उपयोग गर्ने, परीक्षा लक्षित अध्यापन गराउने । | भएका उपकरणको उपयोग गर्ने र आवश्यक उपकरण खरिद गरी पठनपाठन गर्ने, न्युनतम शुल्कमा कोचिङ क्लासको व्यवस्था गर्ने, सम्भावित परीक्षाका प्रश्नहरुको अभ्यास गराउने, परीक्षामा उत्तर लेख्ने काइदाको जानकारी गराउने । |
| ३. | विद्यार्थी सम्बन्धि समस्याहरु | स्ववियु मार्फत गुनासा संकलन गर्ने, विद्यार्थीहरुलाई नियमित गराउने, विद्यार्थी पलायन रोक्ने | अल्पकालिन र दीर्घकालिन समस्याहरु पहिचान गरी क्याम्पस प्रमुखले गर्न सक्ने जतिलाई समाधान गर्दै जाने र नसक्नेलाई समितिसँग परामर्शगरी समाधान गर्ने । |

| | | | |
|---|---|---|---|
| ४. | शिक्षक तथा कर्मचारीसँग सम्बन्धित समस्याहरु | मनोबल बढाउने, क्यामपसका क्रियाकलापमा सक्रिय गराउने, क्षमता अभिबृद्धि तालिमको व्यवस्था गर्ने | मूल्याङ्कनका आधार बार्षिकरुपमा पुरस्कारको व्यबस्था गर्ने । कार्य विभाजन गरि क्याम्पसका कार्यक्रमहरुमा सहभागि गराउने । विभिन्न तालीमको व्यवस्था गर्ने । |
| ५. | निर्माण सम्बन्धि समस्याहरु | गुरुयोजना बनाइ उचित निर्माण योजना बनाउने, निर्माणको लागि स्रोत जुटाउने | स्थानिय सघं सस्था, नगरपालिका, विश्व विद्यालय अनुदान आयोग र आफ्नो श्रोतको परिचालन गरि रणनितिक योजनामा भएका निर्माण कार्यलाइ पूरा गर्दै जाने । |
| ६. | पुस्तकालयसँग सम्बन्धित समस्याहरु | तालिमको व्यवस्था गर्ने, नयाँ प्रविधि भित्र्याउने | पुस्तकालयको कर्मचारीलाइ तालिमको व्यबस्था गरि २०७७ असार महिना भित्र e-library को स्थापना गर्ने । |

# आ.व. २०७७/७८ को अनुमानित आय व्यय विवरण

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १. | गत वर्षको मौज्दात | ६४२४७३.६० | १. | शिक्षक कर्मचारी तलब भत्ता | ६५००००० |
| २. | मासिक र परीक्षा शुल्क | ६००००००.०० | २. | शिक्षक विमा | ६०००० |
| ३. | दाताबाट छात्रवृत्ति सहयोग | २०००००.०० | ३. | संचित विरामी विदा | २५०००० |
| ४. | UGC कार्याशाला गोष्ठी | २०००००.०० | ४. | औषधि उपचार खर्च | १९०००० |
| ५. | UGC बाट नियमित अनुदान | १२०००००.०० | ५. | उपदान कोष | ४५०००० |
| ६. | UGC निर्माण | ३००००००.०० | ६. | कार्याशाला गोष्ठी | २००००० |
| ७. | सदस्यता | १०००००.०० | ७. | अनुसन्धान | २५०००० |
| ८. | बैंक व्याज | २०००००.०० | ८. | परीक्षा खर्च | ६००००० |
| ९. | विविध | १०००००.०० | ९. | भवन/छात्राबास निर्माण | ९०००००० |
| १०. | मुद्दति | २५०००००० | १०. | गार्डेन तथा पार्किङ सुधार | ११००००० |
| ११ | प्रदेश सरकार अनुदान | ५००००००.०० | ११. | फर्निचर | ३००००० |
| १२ | स्थानीय सरकार अनुदान | १५०००००.०० | १२. | पाठ्यपुस्तक तथा स्टेसनरी खरीद | ४००००० |
| १३ | विभिन्न संघ संस्थाबाट सहयोग | ५००००० | १३. | अतिथि सत्कार | १५०००० |
| | | | १४. | विद्युत टेलिफोन | १२०००० |
| | | | १५. | पत्रपत्रिका | १०००० |
| | | | १६. | छपाई (क्यालेण्डर, मुखपत्र) | ७०००० |
| | | | १७. | लेखा परीक्षण खर्च | २०००० |
| | | | १८. | अतिरिक्त क्रियाकलाप | ५०००० |
| | | | १९. | कार्यालय सञ्चालन खर्च | १००००० |
| | | | २०. | छात्रवृत्ति | २५०००० |
| | | | | बैंकको ट्याक्स | २०००० |
| | | | | विविध | ५२४७३.६ |
| | | | | जर्नल प्रकाशन | २५०००० |
| | | | | फ्याकल्टि थप | ५००००० |
| | | | | शिक्षक तथा कर्मचारी वृत्ति विकास | २५०००० |
| | जम्मा | २११४२४७३.६ | | | २११४२४७३.६ |

# आ.व. २०७८/७९ को अनुमानित आय व्यय विवरण

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १. | गत वर्षको मौज्दात | ६४२४७३.६० | १. | शिक्षक कर्मचारी तलब भत्ता | ६८००००० |
| २. | मासिक र परीक्षा शुल्क | ६००००००.०० | २. | शिक्षक विमा | ६५००० |
| ३. | दाताबाट छात्रवृत्ति सहयोग | २०००००.०० | ३. | संचित विरामी विदा | ३००००० |
| ४. | UGC कार्याशाला गोष्ठी | २०००००.०० | ४. | औषधि उपचार खर्च | २००००० |
| ५. | UGC बाट नियमित अनुदान | १२०००००.०० | ५. | उपदान कोष | ५००००० |
| ६. | UGC निर्माण | ३००००००.०० | ६. | कार्याशाला गोष्ठी | २००००० |
| ७. | सदस्यता | १०००००.०० | ७. | अनुसन्धान | २५०००० |
| ८. | बैंक व्याज | २०००००.०० | ८. | परीक्षा खर्च | ६००००० |
| ९. | विविध | १०००००.०० | ९. | भवन/छात्राबास निर्माण | ९०००००० |
| १०. | मुद्दति | २५००००० | १०. | गार्डेन तथा पार्किङ सुधार | ११००००० |
| ११ | प्रदेश सरकार अनुदान | ५२०००००.०० | ११. | फर्निचर | ३००००० |
| १२ | स्थानीय सरकार अनुदान | १७०००००.०० | १२. | पाठ्यपुस्तक तथा स्टेसनरी खरीद | ४००००० |
| १३ | विभिन्न संघ संस्थाबाट सहयोग | ५१५००० | १३. | अतिथि सत्कार | १५०००० |
| | | | १४. | विद्युत टेलिफोन | १२०००० |
| | | | १५. | पत्रपत्रिका | १०००० |
| | | | १६. | छपाई (क्यालेण्डर, मुखपत्र) | ७०००० |
| | | | १७. | लेखा परीक्षण खर्च | २०००० |
| | | | १८. | अतिरिक्त क्रियाकलाप | ५०००० |
| | | | १९. | कार्यालय सञ्चालन खर्च | १००००० |
| | | | २०. | छात्रवृत्ति | २५०००० |
| | | | | बैंकको ट्याक्स | २०००० |
| | | | | विविध | ५२४७३.६ |
| | | | | जर्नल प्रकाशन | २५०००० |
| | | | | फ्याकल्टि थप | ५००००० |
| | | | | शिक्षक तथा कर्मचारी वृत्ति विकास | २५०००० |
| | जम्मा | २१५५७४७३.६ | | | २१५५७४७३.६ |

## आ.व. २०७९/०८० को अनुमानित आय व्यय विवरण

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १. | गत वर्षको मौज्दात | ६४२४७३.६० | १. | शिक्षक कर्मचारी तलब भत्ता | ६८५०००० |
| २. | मासिक र परीक्षा शुल्क | ६२००००००.०० | २. | शिक्षक विमा | ६५००० |
| ३. | दाताबाट छात्रवृत्ति सहयोग | २०००००.०० | ३. | संचित विरामी विदा | ३५०००० |
| ४. | UGC कार्याशाला गोष्ठी | २०००००.०० | ४. | औषधि उपचार खर्च | २५०००० |
| ५. | UGC बाट नियमित अनुदान | १२२०००००.०० | ५. | उपदान कोष | ५३०००० |
| ६. | UGC निर्माण | ३५००००००.०० | ६. | कार्याशाला गोष्ठी | २५०००० |
| ७. | सदस्यता | १०००००.०० | ७. | अनुसन्धान | २५०००० |
| ८. | बैंक व्याज | २०००००.०० | ८. | परीक्षा खर्च | ६००००० |
| ९. | विविध | १८००००.०० | ९. | भवन/छात्राबास निर्माण | ९०००००० |
| १०. | मुद्दति | २५०००००० | १०. | गार्डेन तथा पार्किङ सुधार | ११०००००० |
| ११ | प्रदेश सरकार अनुदान | ५१५००००.०० | ११. | फर्निचर | ३००००० |
| १२ | स्थानीय सरकार अनुदान | १२५००००.०० | १२. | पाठ्यपुस्तक तथा स्टेसनरी खरीद | ४५०००० |
| १३ | विभिन्न संघ संस्थाबाट सहयोग | ५५०००० | १३. | अतिथि सत्कार | २००००० |
| | | | १४. | विद्युत टेलिफोन | १२०००० |
| | | | १५. | पत्रपत्रिका | १०००० |
| | | | १६. | छपाई (क्यालेण्डर, मुखपत्र) | ७०००० |
| | | | १७. | लेखा परीक्षण खर्च | २५००० |
| | | | १८. | अतिरिक्त क्रियाकलाप | ५०००० |
| | | | १९. | कार्यालय सञ्चालन खर्च | १००००० |
| | | | २०. | छात्रवृत्ति | २५०००० |
| | | | | बैंकको ट्याक्स | २०००० |
| | | | | विविध | ५२४७३.६ |
| | | | | जर्नल प्रकाशन | २५०००० |
| | | | | फ्याकल्टि थप | ५००००० |
| | | | | शिक्षक तथा कर्मचारी वृत्ति विकास | २५०००० |
| | जम्मा | २१८९२४७३.६ | | | २१८९२४७३.६ |